नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस १२ गते २०३९ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारले खण्ड २५ मिति २०३२।५।३० संख्या २३ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित घरजग्गाको मूल्याङ्कन तालिकाबमोजिम नै काठमाडौं, पाटन र भक्तपुर शहरी क्षेत्रको घरजग्गा र खण्ड २८ मिति २०३५।२।२ संख्या ५ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित घरजग्गाको मूल्याङ्कन तालिकाबमोजिम नै भद्रपुर, बिराटनगर, धरान, राजबिराज, जनकपुर, बीरगञ्ज, बुटवल-खस्यौली र नेपालगञ्ज शहरी क्षेत्रको घरजग्गा आर्थिक वर्ष २०३९।४० सम्म मूल्याङ्कन गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।